## प्रश्न नं. ५१

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.६१०० देखि ६२२१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

झापा जिल्ला झापा नगरपालिका वडा नं.१ मा बस्ने बीरबहादुर कार्कीको जाहेरीले नेपाल सरकार

विरुद्ध

इलाम जिल्ला ईलाम नगरपालिका वडा नं.४ मा विरेन राई

मुद्दा : ज्यान सम्बन्धी कसुर

(१) म जाहेरवालाको छोरी जानुका राईले विरेन राईसँग भागी विवाह गरी इलाम पुवाखोला बजारमा बस्दै आएकोमा विरेन राईले मलाई कुटपित गर्छन् भनी फोनबाट सुनाउने गरेकोमा मिति २०७५।८। १ गते राति ८ः३० बजे अभियुक्त विरेन राईले निधारमा, नाक लगायतका शरीरका विभिन्न भागमा कुटपिट गरेका कारण नाकबाट रक्तश्राप भई बेहोस अवस्थामा लडेपछि घर परिवारका सदस्यले उपचारको लागि इलाम अस्पताल ल्याउदै गर्दा बाटोमा नै मृत्यु भएको हुँदा निज अभियुक्त विरेन राइकै कुटाइबाट मृतक छोरी जानुका राई (कार्की) को मृत्यु भएको हुदा अभियुक्त विरेन राईलाई पकाउ गरी कानुनबमोजिम कारबाहि गरिपाउँ भन्ने समेत बेहोरा विरबहादुर कार्कीको **जाहेरी दरखास्त** ।

(२) मिति २०७५।८।१ गते राति ८ः३० बजेतिर विरेन राईले मेरो श्रीमती विरामी भई गाडी खोजिदिनु पर्‍यो भनी मेरो घरमा आएको कारण निजको घरमा गई हेर्दा जानुका राई बेहोस अवस्थामा भुईको आछ्यानमा सुतिरहेकी थिइन् निकै बिरामी होला भनी त्यही पुवाखोला बजारकै भ्यान खोजेर इलाम अस्पताल पठाएको हो । बिरामी लिएर प्रतिवादी विरेन राई पनि गएका थिए । अस्पतालमा पुगेपछि विरामीको मृत्यु भएको थाहा पाएपछि मृतकको अनुहारमा हेर्दा निलडाम समेत थियो । घरबाट अस्पताल लैजान लाग्दा नै जानुका राईको नाकबाट रगत आएको थियो र कोठाको फल्याकमा समेत रगतको थोपा छिटाहरु लागेको देखेको थिएँ । मृतकको मृत्यु प्रतिवादीले कुटपिट गरेको कारणबाट भएको हो भन्नेसमेत बेहोराको गोविन्दा गुरुङ्को **घटना विवरण कागज**।

(३) पुवाखोला टोलस्थित पुर्वमा मोहनसिह लिम्बुको मुल घर, पशिचममा गोविन्द गुरुङको घर उत्तरमा मेची राजमार्ग, दक्षिणमा मोहनसिंह लिम्बुको बारी यति चार किल्लाभित्र टिनको छाना भएको भुईतल्लासहित दुई तला भएको मोहनसिह लिम्बुको घरमा डेरा गरी घर भाडामा लिई बस्ने विरेन राईले आफ्नै श्रीमती जानुका राईलाई सोही डेरा कोठामा कुटपिट गरी घाइते बनाएको भनिएको घटनास्थल मुचुल्का विवरण ठिक साथै सो घरको पश्चिम दक्षिणपट्टीको कोठाको भुईमा रगत जस्तो रातो पदार्थ थोपाहरु देखिएको र सानो बालकले लगाउने कपडाको सर्टमा रगत जस्तो पदार्थ लागि खाटमुनि फलिएको देखिएको साथै फल्याकमा लागेको रगत कपडामा लागेको रगतसमेतलाई प्रहरीले लिई गएको भन्नेसमेत व्याहोराको **घटनास्थल मुचुल्का ।**

## प्रश्न नं. ५१

(४) जिल्ला इलाम इनरुवा नगपालिका वडा नं. २ स्थित इलाम जिल्ला अस्पताल इलाममा रहेको पोस्टमार्टम घरको भित्र दक्षिण शिर र उत्तर खुट्टा दुवै हात सिधा अवस्थामा रहेको दाहिने गालामा निलडाम, निधारको दाहिने निलडाम, नाकको डाँडीमा निलडाम, चिउडोमा खास्रीएको दाग बायाँ हातको नाडीमा खोस्रीएको दाग, दायाँ नलीखुट्टामा खोस्रीएको दाग रहेको मृतक जानुका राईको **लास जाँच मुचुल्का ।**

(५) विरेन राई र मृतक जानुका राई मेरो छोरा बुहारी हुन् । निजहरु मोहन सिंह लिम्बुको अर्को घरमा कोठा डेरा गरी बस्दै आएका थिए । वारदात मिति २०७५।८।१ गते राती ८:३० बजेको समयमा छोरा विरेन राई साथमा १० महिनाको छोरी लिई बसेको डेरा घरमा आई बुहारी बिरामी भइन् के भएछ जाउँ बुबा भने पश्चात म वारदात स्थानमा गई हेर्दा जानुका राई कोठाको भुईमा नाकबाट रगत आई लडी रहेको अवस्थामा देखी अन्य मानिसहरु समेत भेला भई तत्काल उपचारको लागि गाडीमा अस्पताल ल्याउदै गर्दा बाटोमा नै मृत्यु भएको भन्ने बेहोराको **जितबहादुर राईले अनुसंधान अधिकारी समक्ष गरेको कागज** ।

(६) मिति २०७५।०८।०१ गते म पुवाखोलामा बालुवा निकाल्ने काम गरी सो दिनको साझ म घर आउदा श्रीमती मृतक जानुका राई मातेको अवस्थामा देखे, छोरी लिएर खाना बनाउनु भनी बुबाको डेरा तिर गई घर फर्किएर आउदा मेरो श्रीमतीले पुनः मादक पदार्थ सेवन गरेर होला ओछ्यानमा निदायी र १० महिने छोरी रोइरहेकी अवस्थामा देखेर छोरी बोकेर निज जानुका राईलाई उठाई निज ओछ्यानमा बसेपछि किन यसरी रक्सी खाएको मैले नखाृ भन्दा किन नमानेको भनी अतिनै रिस उठेकोले निज जानुका राईको गाला अनुहारमा मुड्की बक्सिङले भकाभक हाँने गालामा समेत १०।१२ पटक थप्पड हिर्काएपछि निज जानुका राई सोही स्थानमा लडेपछि के भयो भनी बोलाउदासमेत नबोलेको कारण सानी छोरी लिएर बाबुको घरमा गई बाबु आमालाई बोलाएर ल्याई उपचार गराउन पर्छ भन्ने सल्लाहअनुसार अस्पताल ल्याउदै गर्दा बाटोमा नै मृत्यु भएको हो भन्नेसमेत व्याहोराको **प्रतिवादी विरेन राईले गरेको बयान ।**

(७) Cause of Death : Blunt force trauma to the abdomen भन्नेसमेत बेहोराको पोष्टमार्टम रिपोर्ट ।

(८) मिति २०७५।०८।१ गते प्रतिवादी विरेन राई मेरो श्रीमती बिरामीभई भनी राति अं ८:३० बजेको समयमा भनेकोले म समेत गई हेर्दा जानुका राई बेहोस भई ओछ्यानमा सुतिरहेको देखेको कारण के भयो चाडो अस्पताल लानु पर्छ भनी अस्पताल लगेपछि मृत्यु भएको हामीहरुले थाहा पाएको हो भन्ने समेत बेहोराको तिलबहादुर गुरुङसमेतका मानिसहरुले प्रायः एकै मिलान हुने गरि लेखाईदिएको **कागज** ।

(९) प्रतिवादी विरेन राईको कुटपिटबाट मृतक जानुका राईको मृत्यु भएको स प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(१०) प्रतिवादी विरेन राईले सुरु जिल्ला अदालतमा गरेको ईन्कारी बयान ।

(११) जाहेरवाला वीरबहादुर कार्की लगायतले ईलाम जिल्ला अदालतमा गरेको बकपत्र ।

(१२) इलाम जिल्ला अदालतको फैसला ।

(१३)उच्च अदालत विराटनगर,ईलाम ईजलासमा विरेन राईले दिएको पुनरावेदन पत्र ।